निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

## प्रेस विज्ञप्ति

मिति : २०७६/८/१

### उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान ।

काठमाडौं, मंसिर १ ।

संवत् २०७६ साल मङ्सिर १४ गते सम्पन्न हुने उपनिर्वाचन सम्बन्धमा निर्वाचन आयोग, नेपालबाट स्वीकृत भएको कार्यतालिका अनुसार स्थानीय तह सदस्यका उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने कार्यक्रम आज मिति २०७६ साल मंसिर १ गते (बिहान ११ बजेदेखि दिउँसो ४:०० बजेसम्म) सम्पन्न भएको छ ।

स्थानीय तहको उपमहानगरपालिका प्रमुख पदमा २३, गाउँपालिकाका अध्यक्ष पदमा ३५ , गाउँपालिकाका उपाध्यक्ष पदमा ३ र गाउँपालिका तथा नगरपालिकाका वडा अध्यक्ष पदमा २१२ गरी जम्मा २७३ जना उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरिएको छ ।

स्थानीय तहको उपनिर्वाचनको लागि कुल २७३ उम्मेदवारहरुमध्ये पुरुष उम्मेदवार २४८ र महिला उम्मेदवार २५ जना रहेका छन् । निर्वाचन चिन्ह प्राप्त गर्नेमा राजनीतिक दलका उम्मेदवार २१३ र स्वतन्त्र उम्मेदवार ६० जना रहेका छन् । राजनीतिक दलका उम्मेदवारहरुलाई दल दर्ताको समयमा प्रदान गरिएको निर्वाचन चिन्ह र स्वतन्त्र उम्मेदवारहरुलाई स्थानीय तह उपनिर्वाचन निर्देशिका, २०७६ मा स्वतन्त्र उम्मेदवारहरुका लागि निर्धारण गरिएका निर्वाचन चिन्ह मध्येबाट प्रदान गरिएको छ ।

उपनिर्वाचन, २०७६ सम्पन्न गर्न स्वीकृत कार्यतालिका अनुसारका गतिविधिहरु सहज, सरल, शान्तिपूर्ण एवं उल्लासमय वातावरणमा सम्पन्न भैरहेको र यस कार्यमा निर्वाचन आयोग सम्बद्ध सबै सरोकारवाला निकायको निरन्तर सहयोगको अपेक्षा समेत गर्दछ ।

०७६।८।१

(राजकुमार श्रेष्ठ)
सहसचिव एवं प्रवक्ता


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७